# प्रदेश सभा

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

## (सत्रौँ बैठक)

**कार्यवाहीको सम्पूर्ण विवरण**

## मिति : २०७६/०३/०५ गते, अपरान्ह ३:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ३ बजेर ३५ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/७७ कोे राजश्व र व्ययको वार्षिक अनुमान माथिको बाँकि छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, अब म, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई मिति २०७६ साल असार २, ३ र ४ गते सभामा भएको आर्थिक वर्ष २०७६/७७ कोे राजश्व र व्ययको वार्षिक अनुमान माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

सभामुख महोदय, सभामुख महोदय मार्फत म सबै माननीयज्यूहरुलाई आरामसाथ आफ्नो भनाई राख्न चाहन्छु र यसका निम्ति म सबै माननीयज्यूहरुलाई पनि आरामसाथ सुनिदिनु होला, बुझिदिनु होला म अनुरोध गर्न चाहन्छु र यसो भनिरहँदा मैले लामो बोल्ने छैन। मैले छोटोमै नै आफ्नो कुराकानीहरु राख्न चाहन्छु। सर्वप्रथम त म छलफलमा भाग लिने ३५ जना माननीय सदस्यज्यूहरु हुनुहुन्छ, उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। सत्तापक्षका सबै माननीयज्यूहरुलाई जसले हौसला दिनु भएको छ, साथ दिनु भएको छ, समर्थन गर्नु भएको छ र आफ्नो विचार राख्नु भएको छ, सबैलाई म फेरि पनि धन्यवाद दिन चाहन्छु। तेस्तै गरेर प्रतिपक्षका माननीय सदस्यज्यूहरुलाई जसले यो बजेटलाई राम्रो बनाउनका निम्ति रचनात्मक सुझाव दिनु भएको छ र यसका निम्ति पनि म सबै प्रतिपक्ष दलका माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। मलाई लागेको छ, र हामीले अनुभव गरी रहेका छौं कि हामीले यस सदनमा बस्दा मलाई लाग्छ सत्तापक्ष र प्रतिपक्षको रुपमा मैले हामी विभाजित भए पनि राजनितिक हिसाबले विभाजित भए पनि दलको हिसाबले विभाजित भए पनि, छलफलको क्रममा दुई चार शब्दहरु प्रयोगको हिसाबले त्यो फरक-फरक जस्तो देखिए पनि र भावभङ्गि अर्थात् केमिस्ट्रि को हिसाबले अलि फरक-फरक लागे पनि मलाई लाग्छ र हामी एकै ठाउँमा छौं। एउटै भूगोलमा छौं। एउटै बाटोमा छौं। एउटै दिशामा छौं। संमृद्ध प्रदेश बनाउने सुखी नेपाली बनाउने दिशामा हामी सबै छौं र फरक जस्तो मलाई लागेको छैन र मलाई लाग्छ हामी कसैले पनि त्यो महसुस गरिरहेका छैनौं र यसका निम्ति पनि म सबै माननीय सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहन्छु र सबैभन्दा पहिला म बजेटको बारेमा केही जानकारीहरु राख्न चाहन्छु। बजेट भन्दा अगाडी हामीले सिद्धान्त र प्राथमिकता तय गर्‍यौं। यसै अधिवेशनमा, यसै बैठकमा हामीले १५ दिन अगाडी प्रस्तुत गर्‍यौं, छलफल गर्‍यौं र हाम्रो सिद्धान्त के हुने बजेटको सिद्धान्त के हुने, प्राथमिकता के हुने र त्यही सिद्धान्त र त्यही प्राथमिकतामा आधारित भएर यो बजेट आएको हो र मैले यो बजेटलाई हामीले जुन सिद्धान्त र प्राथमिकता, हामीले यहाँ छलफल गर्‍यौं र त्यसैको आधारमा यो बजेट आएको छ र त्यसको साथसाथै यो बजेटले नीति र कार्यक्रमहरुलाई

कार्यान्वयन गर्ने हिसाबले नीति र कार्यक्रमलाई योजनाबद्ध ढंगले कार्यान्वयन गर्नका निम्ति नै बजेट विनियोजित हुने गर्छ र त्यही आधारमा यो विनियोजन गर्ने काम भएको छ। तल माथि हुन सक्छ तर त्यो तल माथि हुन्छ कि भनेर हामीले सिद्धान्त र प्राथमिकतालाई एउटा मार्गदर्शकको रुपमा हामीले लिएका छौं। त्यसै गरेर माननीय सदस्यज्यूहरुले जुन सुझावहरु दिनुभएको छ त्यो सुझावलाई पनि आधार मानेको छु। जुन कुरा मैले बजेट वक्तव्यमा पनि यो कुरा उल्लेख गरी सकेको छु र नीति तथा योजना आयोगले एउटा स्थिति पत्र सार्वजनिक गरि सकेको छ। आवधिक योजना, पञ्चवर्षीय योजना सार्वजनिक गरि सकिएको छ। त्यो नीति र योजना आयोगले बनाउने योजना भनेको हाम्रो प्रदेशको समग्र विकास योजनाको, नीतिगत विकास योजनाको एउटा योजना निर्माण गर्नु हो र त्यो योजनालाई कार्यान्वयन गर्नका निम्ति चरणबद्ध हिसाबले कार्यान्वयन गर्नका निम्ति अर्थात वार्षिक आर्थिक वर्षकै हिसाबले त्यसलाई कार्यान्वयन गर्नका निम्ति हरेक आर्थिक वर्षमा बजेट विनियोजन गर्नु पर्ने हुन्छ। बजेट पेश गर्नु पर्ने हुन्छ र त्यसैमा आधारित भएर यो बजेट पेश भएको भन्ने कुरा हामी सबैलाई थाहा भएकै कुरा हो। यसमा मैले धेरै लामो भन्नु पर्छ जस्तो मलाई लाग्दैन र यो बजेटका बारेमा बजेट बनाउने भनि- सकेपछि यसको आर्थिक स्रोतको पहिचान हुनु जरुरी हुन्छ। कहाँबाट आउँछ? त्यो पैसा कहाँबाट आउँछ? यो कुरा जान्न जरुरी हुन्छ। त्यसैले मैले यो संघियताको आधारमा नयाँ संरचनाको आधारमा प्रदेश सरकारलाई प्राप्त हुने जुन बजेटको आधारको बारेमा म केही कुराहरु भन्न चाहन्छु। किनकि यसले कतिपय ठाउँमा हामीलाई अलि-अलि भ्रम जस्तो, अन्यौल जस्तो, त्यो हुन सक्छ र खास गरेर अहिले प्रदेश सरकारलाई र स्थानीय तहलाई संघ मार्फत बजेटको विभाजन हुन्छ, हस्तान्तरण हुन्छ। संघियतामा सबैको तीन तहको, तीन वटा सरकारको अधिकार क्षेत्र विभाजन गरिएको छ। बाँडफाँड गरिएको छ अर्थात् भागभण्डा गरिएको छ र त्यसैको आधारमा बजेट हस्तान्तरण हुन्छ र त्यो कुन-कुन शीर्षकमा हस्तान्तरण हुन्छ, त्यो शीर्षकको बारेमा म केही कुराहरु भन्न चाहन्छु कि कतिपयलाई लाग्न सक्छ त्यो शीर्षक अनुदान भन्ने शीर्षक पनि छ। त्यसकारणले गर्दाखेरि त्यो अनुदान भनेपनि, त्यो प्रदेश र

स्थानीय तहको आफ्नो अधिकार क्षेत्र भित्र बाँडफाँड भएर हस्तान्तरण हुने रकम हो। त्यो कृपाद्वारा गरिएको अनुदान होइन। शीर्षक अनुदान भएपनि संघले कृपा गरेर अनुदान दिएको होइन र त्यस हिसाबले अहिलेको हाम्रो प्रणालीमा छ वटा शीर्षकमा त्यो बजेट हस्तान्तरण हुन्छ र पहिलो राजश्व बाँडफाँड भनेर भनिन्छ र त्यसमा र यो राजश्व बाँडफाँडमा मैले फेरि यो अलिकति भन्न किन चाहेको हो त भन्दा केही माननीय सदस्यज्यूहरुले यो गण्डकी प्रदेशले जहिले पनि माथिबाट संघबाट प्राप्त गर्ने विभिन्न अनुदानहरु छन् त्यो अनुदान सधैं सानो भयो। यसलाई ठूलो बनाउने किन प्रयत्न भएन ? धेरै ल्याउने किन प्रयत्न गरिएन ? विकास निर्माणको काम गर्न नसकिएर थोरै आएको हो कि? भन्ने एउटा भ्रम छ त्यो तेस्तो होइन। भन्नका निम्ति मैले यो बताउन गरी रहेको छु र राजश्व संकलन हुन्छ र त्यो राजश्व, आन्तरिक राजश्व लगायत विभिन्न जुन संकलन हुन्छ राजश्व, ती राजश्व भनेको सबै प्रदेशमा सबै स्थानीय तहमा त्यसलाई हस्तान्तरण गर्नु पर्छ भनेर एउटा फर्मुला बनाइएको छ र त्यो फर्मुला जनसंख्याको हिसाबले ७०% दिइने, क्षेत्रफलको हिसाबले १५%, मानव विकास सूचकाङ्कको हिसाबले ५% र न्यून विकास सूचकाङ्कको हिसाबले १०%।यो फर्मुला राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार पारेको हो। यो राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नै यो स्रोतको यो सबैको बाँडफाँड गर्ने काम गर्छ यो कुरा पनि मैले तपाईंलाई जानकारी गराएँ र त्यस अनुसार नै जनसंख्या धेरै भएको ठाउँमा धेरै राजश्व जान्छ। क्षेत्रफल ठूलो भएको ठाउँमा पनि धेरै राजश्व जान्छ। मानव विकास सूचकाङ्कको हिसाबले जहाँ त्यो राम्रो छैन, त्यहाँ धेरै जान्छ र राम्रो भएको ठाउँमा थोरै जान्छ। न्यून विकास सूचकाङ्क भनेको पनि त्यहि हो राम्रो भनेको ठाउँमा थोरै आउँछ। यो मानव विकास सूचकाङ्क र न्यून विकास सूचकाङ्कको हिसाबले हाम्रो प्रदेश राम्रो भएको हुँदा अरु प्रदेश भन्दा कम बजेट हामीले प्राप्त गर्छौं। त्यसले गर्दाखेरि अहिलेसम्मको अहिलेको यो फर्मुला जहिलेसम्म रहन्छ तबसम्म सबैभन्दा कम राजश्व प्राप्त गर्ने प्रदेशको हिसाबले एउटा गण्डकी पर्न सक्छ र त्यसमा पनि फेरि संघले ७०% राख्छ र बाँकि रहेको १५% प्रदेशलाई वितरण गर्छ, ७ वटा प्रदेशलाई र ८५ वटा स्थानीय तहलाई १५% त्यसलाई वितरण गर्ने गर्छ र त्यस्तै गरेर वित्तीय समानीकरण अनुदान

हामीले प्राप्त गर्छौं र त्यसमा पनि फर्मुला त्यही छ। ६०% र त्यसपछि प्रदेश तहको खर्चको लागतको ६०% अनि त्यस पछि प्रदेश तहको बहुआयामिक गरिबीको १५% र सामाजिक आर्थिक विभेद सूचकाङ्कको १५% र पूर्वाधार सूचकाङ्कको हिसाबले १०% । यो नम्बर दिइएको छ त्यसमा चाँहि खर्चको आवश्यकताको अनुमान गरिन्छ र त्यस्तै गरेर राजश्वको क्षमता कस्तो छ भनेर यो प्रदेशको अनुमान गरेर त्यो अनुमानित बजेटलाई अघि मैले भने अनुसार ६०, १५, १५ र १० को हिसाबले त्यो विभाजित भएर आउँछ र यसमा एक अरब दुई करोड ७ वटा प्रदेशलाई पहिलै छुट्टयाईंन्छ र बाँकि रहेको फर्मुला अनुसार यो वितरण हुन्छ र त्यसले गर्दाखेरि पनि हाम्रो प्रदेशमा सबैभन्दा कम हामीले प्राप्त गर्छौं किनकि जनसंख्याको हिसाबले हामी कममा छौं र विकास सूचकाङ्कको हिसाबले, आर्थिक विभेदको हिसाबले, बहुआयामिक गरिबीको हिसाबले, हाम्रो प्रदेश राम्रो छ। त्यसले गर्दाखेरि पनि हामीले कम पाउने भएको कारणले गर्दाखेरि र पूर्वाधार पनि त्यो राम्रो भएको कारणले गर्दाखेरि कम पाउने, नराम्रो हुनेले धेरै पाउने, भएको कारणले गर्दाखेरि हामीले यो कम पाउँछौं र त्यसपछि ससर्त अनुदान, यो ससर्त अनुदान भनेको संघले आफैले योजना र कार्यक्रम तोकेर पठाइने हो र यो ससर्त अनुदान चाँहि खर्च नभएमा त्यसको रकम फेरि संघमै फर्केर जान्छ। यो वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँड त्यो प्रदेश संचितिकोषमा रहन्छ। त्यो फिर्ता जाँदैन खर्च गर्न नसकेपनि र यो ससर्त अनुदान खर्च गर्न सकिएन भने त्यो फेरि संघमै फिर्ता हुन्छ र त्यस्तै गरेर समपूरक अनुदान, यो समपूरक अनुदान हामीले प्राप्त गर्छौं। त्यसको पनि संघले एउटा छुट्टयाएको हुन्छ, एउटा बजेट छुट्टयाएको हुन्छ र त्यसको आधारमा यो समपूरक अनुदान र यो समपूरक अनुदान हामीले माग गर्ने पनि हो र अहिले संघले हामीले ६०% राख्नु पर्ने र संघले ४०% राख्ने गरी यो समपूरक अनुदान हामीले प्राप्त गर्छौं र हामीले फेरि स्थानीय तहलाई हामीले यो समपूरक अनुदान हामीले दिनु पर्ने हुन्छ। ससर्त अनुदान पनि हामीले दिनु पर्ने हुन्छ र अहिले हामीले स्थानीय तहलाई हामीले ५०% मात्रै स्थानीय तहले राख्ने गरी हामीले नियम चाँहि बनाएका छौं। ५०-५० को नियम बनाएका छौं। संघले चाँहि ४०% मात्रै हामीलाई दिन्छ प्रदेश र स्थानीय तहलाई, र ६०% प्रदेश र स्थानीय तहलाई राख्नु पर्ने हुन्छ भने यो

समपूरकमा हामीले बनाएको नियममा हामीले ५०-५०%  बनाएका छौं र त्यसपछि विशेष अनुदान भनेर भनिन्छ यो विशेष ठाउँको निम्ति विशेष कार्यक्रमको निम्ति हो यो चाँहि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता विशेष क्षेत्रहरुमा जति आउँछ त्यो शतप्रतिशत आउने हो र यो खर्च भएन भने यो पनि फिर्ता भएर जान्छ। त्यसले गर्दाखेरि यसमा जति पठाउँछ त्यति नै त्यसमा स्थानीय तह प्रदेशले लगानी गर्नु पर्दैन र त्यस पछि अर्को रोयल्टीको बाँडफाँड हो। यस भन्दा अगाडी रोयल्टीको बाँडफाँड भएको थिएन र यो वर्षदेखि रोयल्टीको बाँडफाँड गर्ने भनिएको छ र त्यसमा संघले ५०%  राख्छ र धेरै रोयल्टी पनि उठदैन र २५-२५% , २५%  प्रदेशलाई र २५% स्थानीय तहलाई चाँहि दिने भनिएको छ र मैले यो हाम्रो बजेटको चाँहि स्रोतको बारेमा मैले बताएं। अब त्यसअनुसार अब मैले भनिरहनु पर्दैन कि हामीले अब बजेट चाँहि हामीले पेश गरिसकेका छौं र जस अनुसार अब यो मन्त्रालयगत ढंगले अब हेर्दाखेरि प्रदेश सभा सचिवालयलाई हामीले चालु आर्थिक वर्षमा अब जति हामीले छुट्टयाएका थियौं र आगामी आर्थिक वर्षका निम्ति अलिकति यहाँ फरक पर्न गएको छ। यसमा इन्ट्रि गर्दाखेरि अलिकति फरक परेको जसले गर्दाखेरि -३.६ देखिएको छ तर त्यही इन्ट्रिमा फरक परेको हो त्यसमा अरु हुँदैन र त्यसलाई चाँहि अर्थ विविधबाट आवश्यक पर्ने बजेट अब चाँहि छुट्टिने नै छ र त्यस्तै गरेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई यो यसमा ५७% ले यो वृद्धि भएको छ र त्यसमा किन वृद्धि भएको हो भन्दाखेरि एउटा प्राधिकरण विकास प्राधिकरण एउटा बनाएर अब हामी अगाडी बढनु पर्छ भनिएको छ, त्यसको निम्ति १५ करोड निर्वाचन क्षेत्र विकास कार्यक्रम पनि मुख्यमन्त्री कार्यालयमै राखिएको छ र त्यस पछि आएर यो प्रशिक्षण तालिम केन्द्र यो तालिम केन्द्र पनि यो मुख्यमन्त्री कार्यालय अन्तर्गत राखिएको कारणले पनि यसको बजेटको आकार बढन गएको हो र त्यस्तै गरेर आर्थिक मामिला तथा योजना मन्त्रालय अब यसमा पनि लगभग त्यति नै प्रतिशत यसमा वृद्धि भएको छ यसमा खास गरेर चुनौति कोष र प्रोजेक्ट बैंक भनेर जुन राखिएको रकम छ त्यो रकमको कारणले गर्दाखेरि त्यो अर्थ मन्त्रालयमै राखिएको कारणले गर्दाखेरि अब यसको आकार बढन गएको हो र त्यस पछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मन्त्रालयमा -२.२ यो घटेको छ र यो घटनाको

मुख्य कारण भनेको अघि अब पहिला हामीले लगानी सम्मेलन गर्ने प्रोजेक्ट बैंक अनि त्यसै गरेर यो चुनौतिकोष लगायतका जुन रकम थियो, त्यो रकम अहिले शिफ्ट भएको कारणले गर्दाखेरि यो घटन आएको हो। त्यसै गरेर आन्तरिक मामिला तथा कानून मन्त्रालयमा यो ८०% ले यो वृद्धि भएको छ। यो, यो अनि त्यसपछि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा ५.६७% ले वृद्धि भएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयमा ४६.५% ले यो वृद्धि भएको छ। त्यस्तै गरेर सामाजिक विकास मन्त्रालयमा ३.१ को हिसाबले यो वृद्धि भएको छ।अर्थ विविधमा यो पहिलाको भन्दा यो घटेको छ, ३% ले यो घटेको छ र अन्तर सरकारी वित्त हस्तान्तरण, यो चाँहि २०४% ले यो वृद्धि भएको छ। पहिला हामीले स्थानीय तहलाई अब थोरै दिएका थियौं भने अब अहिले २०४% ले हामीले बढाएर यो हामीले हस्तान्तरण गरेका छौं। यो मुख्यमन्त्री कार्यालयमा मैले ५७ भनें केरे ५७३% ले वृद्धि भएको रहेछ। मैले सच्चयाएं र अब, अब यो बजेटको बारेमा माननीय सदस्यज्यूहरुले अब धेरै कुराहरु चाँहि राख्नु भएको छ। म सबै भन्दा पनि मूल रुपमा, म अब राख्न चाहन्छु। सभामुख महोदय, यो समानुपातिकलाई ४८ करोड थप विनियोजन गर्दा राम्रो हुन्छ भन्ने कुराहरु पनि यो सुझाव आएको छ। अब यो अघि नै पनि मैले बताएं यो व्यक्ति विशेष भन्दा पनि निर्वाचन क्षेत्र विशेषको पूर्वाधार विकास कार्यक्रम भएकोले प्रत्यक्ष वा समानुपातिकको विषयलाई यहाँ चाँहि गौंण मानिएको छ र अब सार्वजनिक मिडियामा जे आएपनि सांसदलाई बाँडिएको छ। प्रत्यक्षलाई बाँडिएको छ भने पनि त्यस्तो चाँहि हैन, यो निर्वाचन क्षेत्र विकास कार्यक्रमको रुपमा आएको छ। यसलाई कार्यविधि बनाएर यो पूर्वाधार विकास कै निम्ति यो खर्च गरिन्छ र त्यसमा माननीय सभासदहरुको र सबै सभासदहरुको सम्बन्धित निर्वाचन क्षेत्रका सभासदहरुको बराबरी हैसियतको सहभागितामा त्यो कार्यक्रमको छनौट हुनेछ र त्यो कार्यक्रमलाई कार्यान्वयन गर्नका निम्ति पनि त्यही रुपमा सम्बन्धित मन्त्रालय सम्बन्धित निकायले त्यो कार्यान्वयन गर्नेछ। त्यसका निम्ति अनुगमन गर्ने काम पनि कुनै काम पनि त्यो समान रहने छ भन्ने कुरा फेरि पनि म यहाँ दोहोऱ्याउन चाहन्छु र त्यस्तै गरेर डि.पि.आर. नभएको आयोजनामा पनि बढि पैसा लगानी भएको छ, विनियोजन भएको छ भन्ने कुरा पनि

आएको छ र खास गरेर अहिले, अहिले पनि कतिपय आयोजनाहरु डि.पी.आर.को चरणमा रहेको छ। यो आर्थिक वर्षमा यो चालु आर्थिक वर्षमा त्यो डि.पी.आर. सम्पन्न भई सकेपछि कार्यान्वयनको तहमा जानु पर्ने हुन्छ। कार्यान्वयनको तहमा जाँदाखेरि पछि फेरि पनि हामीले बजेट दिनु पर्ने भएको हुँदा त्यस्ता ठाउँहरुलाई डि.पी.आर. अहिले सम्पन्न नभएपनि सम्पन्न हुने क्रममा रहेका सबै प्रोजेक्टहरुलाई हामीले आवश्यक बजेट विनियोजन गरेका छौं र त्यस्तै गरेर अब विद्यालय भवनहरुमा भन्दा पनि हामीले विद्यालयको चाँहि जुन पाठ्यक्रम, पाठ्यक्रम र यो चाँहि जुन प्रणाली छ, शिक्षा प्रणाली छ, त्यसलाई सुधार गरेर पाठ्य, पाठ्यक्रम निर्माण गर्ने त्यसलाई सुधार गर्नु पर्ने कुरालाई पनि हामीले जोड दिएका छौं र त्यस्तै गर्दाखेरि सबै विद्यालय, विद्यालयहरुलाई भवन बनाउने अर्थात् सहयोग गर्ने अर्थात त्यहाँ विभिन्न हिसाबले नमुना, आदर्श र विशेष भनिएको भएपनि आवासको रुपमा लाने भनिएको भए पनि त्यो पर्याप्त मात्रामा सबै विद्यालयहरुमा सबै क्षेत्रहरुमा हामीले पुऱ्याउन नसकिए पनि हामीले त्यसलाई भन्दा पनि जोड भनेको विद्यालयको पाठ्यक्रम विकास गर्ने, सुधार गर्ने र शिक्षा प्रणालीलाई सुधार गर्ने कुरामै कार्यक्रममै हामीले जोड दिएको कुरा पनि म जानकारी गराउन चाहन्छु र त्यस्तै गरेर यो कारागारको चाँहि सुधारको कार्यक्रम छुट्टिएको छ, छुट्टिएको छ भन्ने कुरा पनि यहाँ आएको छ र यो छुटेको छैन। वक्तव्यमा छुटेको भएपनि हाम्रो विषयगत क्रियाकलापगत जुन कार्यक्रम छ त्यो कार्यक्रममा कारागार सुधारलाई पनि हामीले समावेश गरेका छौं र त्यस्तै गरेर पर्यटन, कृषि तथा सामाजिक विकास मन्त्रालयमा अबण्डामा अझै पनि कोष राखिएको छ भन्ने अब शंका यहाँ उठेको छ। मलाई लाग्छ मैले भन्या छु कि कुनै पनि हामीले त्यसरी अबण्डाको रुपमा हामीले कोष राखेका छैनौं। हिजो हामीसँग संरचना थिएन, कार्यान्वयन गर्ने निकाय बनिसकेको थिएन र जसले गर्दाखेरि हामीले मन्त्रालयमा नै हामीले रकम चाँहि राख्नु पर्ने त्यस बेला बाध्यता थियो र अहिले तेस्तो बाध्यता छैन त्यस कारणले गर्दाखेरि अबण्डामा राखिएको छैन। केही राख्नै पर्ने केही कोषहरु, राख्नै पर्ने केही रकम बाहेक हामीले अबण्डामा कुनै पनि रकम चाँहि नराखिएको कुरा पनि जानकारी गराउन चाहन्छु र भोलि मन्त्रालयगत छलफलमा पनि अब त्यो कुराहरु चाँहि प्रष्ट

हुने नै छ। अब यो ठूला- ठूला चाँहि पूर्वाधारको बारेमा केही बोलिएन भन्ने कुरा पनि छ र मलाई लाग्छ यसलाई अब संयोजन गर्ने कुरा हो। त्यो संयोजन गर्ने काम अब हुने नै छ। अहिले यस पटक वक्तव्यमा त्यो हामीले राखेनौं अनावश्यक ढंगले संघका कुरा हामीले राखेनौं। कोरालाका कुरालाई हाम्रो अधिकार क्षेत्र भन्दा बाहिरका कुरालाई हामीले त्यति जोडन चाहेनौं किनकि सबै गर्ने संघले गर्ने भएको कारणले गर्दाखेरि त्यहाँ भन्सार निर्माण गर्नेदेखि लिएर अन्य सबै कामहरु संघको अधिकार क्षेत्र भित्र भएको र संघको अनुमति बिना हामीले केही पनि गर्न नसक्ने भएको कारणले गर्दाखेरि र अहिले राष्ट्रिय गौरवका कतिपय आयोजनाहरु छन् ति आयोजनाहरुको बारेमा यो पृथ्वी राजमार्ग देखि लिएर, मध्य पश्चिम पहाडी राजमार्ग देखि लिएर हुलाकी मार्ग देखि लिएर, कालीगण्डकी करिडोरदेखि लिएर र त्यस्तै गरेर मदन भण्डारी राजमार्ग लिएर बुढि गण्डकीदेखि लिएर र ठूला-ठूला जलस्रोत आयोजनाहरुका धेरै कुरा देखि लिएर हामीले यस पटक वक्तव्यमा हामीले बोलेनौं। वक्तव्यमा नबोले पनि सबै ति कार्यक्रमहरुलाई सहजीकरण गर्ने समन्वय गर्ने कुरालाई हामीले सम्बोधन चाँहि गरेका छौं र त्यो काम अब अगाडी बढने छ भन्ने कुरा पनि म जानकारी गराउन चाहन्छु र त्यस्तै गरेर खेल क्षेत्रलाई महत्व नदिएको भन्ने पनि केही कुराहरु उठेको छ। मलाई लाग्छ प्रदेश सरकारले अहिले हाम्रो प्रदेश सरकारले खेलकूद क्षेत्रलाई विशेष ध्यान दिएको छ र त्यसमा र एउटा खेललाई खेलको विकासका निम्ति भनेर हामीले खेलकूद एकेडेमी बनाउनेदेखि लिएर हामीले अन्तरराष्ट्रिय स्तरको क्रिकेट रंगशाला बनाउने र अन्तरराष्ट्रिय स्तरको एउटा बहुउद्देश्यीय खेल मैदान बनाउने त्यस्तै गरेर प्रत्येक गाउँपालिकामा खेलग्राम बनाउनेदेखि लिएर खेल विकास गर्नका निम्ति गल्फकोर्षदेखि लिएर त्यस्तै गरेर पर्यटन विकास गर्ने खालका साहसिक खेलहरु पनि हामीले यथोचित रुपमा सम्बोधन हामीले गरेका छौं। पुराना कार्यक्रमहरुलाई पनि हामीले निरन्तरता दिंदै गरेका छौं र यसको अर्थ भनेको पुरानो लिगेसीको उत्तराधिकारी हामी हौं भनेर उत्तरदायी ढंगले नै हामीले सबै कार्यक्रमहरुलाई हिजोका कार्यक्रमहरुलाई निरन्तरता दिने कुरालाई पनि हामीले राखेका छौं। वक्तव्यमा केही कुरा छुट भएको होला तर कार्यक्रमिक हिसाबले छुट भएको छैन भन्ने कुराहरु पनि म अनुरोध

गर्न चाहन्छु। अब यहाँ अब सजिलो ढंगले बजेट बनाउनु भएको छ। केही दुखै गर्नु भएको छैन भन्ने जस्तो कुरा पनि आएको छ। मलाई लाग्छ अब यो बजेट अब सजिलो थियो बनाउँदा गाह्रो थियो यो पनि थाहा छैन। हिजोको अहिले खर्च गर्‍या छैन त्यसैले अहिले विनियोजन गरिएको छ  भन्ने छ। मलाई लाग्छ स्पष्ट ढंगले तपाईंले बजेट वक्तव्य हेर्नु भयो भने त्यहाँ तपाईंहरुले देख्नु हुन्छ कि अहिलेको बजेट एक हिसाबले महत्वाकाँक्षी ढंगले यो ल्याइएको छ र त्यसमा राजश्व संकलन गर्ने कुरालाई चाँहि जोड दिइएको छ र अब हामीले कम्तिमा पनि चालु खर्च, हामीले पाँच वर्ष भित्र यो चालु खर्चलाई हामीले आन्तरिक राजश्व संकलन गरेर नै ती पूर्ति गर्नु पर्छ भन्ने एउटा दिशाको आधारमा अहिले यो आन्तरिक राजश्व संकलन गर्ने कुरालाई अब अगाडी बढाइएको छ। हामीले करको शुल्कमा हामीले वृद्धि गरेका छैनौं करको दायरालाई वृद्धि गर्ने हो। करको नयाँ क्षेत्र पहिचान गरेर त्यसलाई करको दायरा भित्र लिएर आउने जस्तो अब कृषि आयकरमा हामीले कर लगाउन पाउँछौं त्यो चाँहि हाम्रो एकलौटि अधिकार हो त्यसलाई हामीले अलि फराकिलो बनाउने र त्यस्तै गरेर यातायात क्षेत्रको सवारी कर छ। त्यो सवारी करलाई अब हामीले यहि प्रदेश भित्र दर्ता गर्ने नामसारी पनि यहीं गराउने र यही प्रदेश भित्र रहेका कार्यालय संस्थान अथवा यही प्रदेश भित्रको परमिट लिने सबै सवारी साधनहरुले यही प्रदेश भित्र दर्ता गर्नु गर्नका निम्ति भनेर हामीले पच्चिस प्रतिशत हामीले छुट दिएका छौं र यो काम पनि हामीले गरिरहेका छौं र त्यस्तै गरेर पर्यटन शुल्कलाई पनि हामीले अब विस्तारै त्यसलाई व्यवस्थित गरेर त्यो अधिकार क्षेत्रभित्र, त्यो संघको पनि अधिकार क्षेत्र भित्र रहेको छ, स्थानीय तहको पनि रहेको छ र प्रदेशको पनि रहेको छ र अहिलेसम्म प्रदेशले पर्यटन शुल्क उठाउने त्यसलाई व्यवस्थित गर्ने काम गर्न सकेको छैन यो वर्षदेखि यो आगामी आर्थिक वर्षदेखि यसलाई व्यवस्थित ढंगले अगाडी बढाउने कुरा त्यस्तै गरेर खानीजन्य लगायत विभिन्न ढुंङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरलाई पनि यसलाई व्यवस्थित गरेर, नियमन गरेर, यसलाई पनि करको दायरा भित्र कर छली गर्ने जुन अवस्था छ त्यसलाई पारदर्शी बनाएर करको दायरा भित्र लिएर आउनेलाई पनि हामीले महत्वका साथ राखेका छौं।  र त्यस्तै गरेर फेवाताल संरक्षण र फेवातालको सन्दर्भमा अब

सर्वोच्च अदालतको  फैसलालाई कार्यान्वयन गर्ने सम्बन्धमा अब हामीले पर्यटन मन्त्री, उद्योग पर्यटन मन्त्रीको अब संयोजकत्वमा अब एउटा समिति बनेको छ। मलाई लाग्छ यो यसको एउटा निरन्तरता दिइएको छ र सुकुम्बासीलाई व्यवस्थापन गर्ने सन्दर्भमा, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने सवालको सम्बन्धमा र यो संघ अन्तर्गत रहेको हुँदा र त्यसलाई चाँहि सहजीकरण गर्ने र सुकुम्बासीहरुलाई व्यवस्थित ढंगले बसोबास गर्नका निम्ति एकीकृत बस्ति विकास गर्ने भनेर र विभिन्न कृषिका कार्यक्रमहरुलाई पनि अगाडी बढाउने काम भएको छ। सामाजिक क्षेत्रका पनि विभिन्न कार्यक्रमहरु अब कृषि तथा भूमिले पनि केही केही कार्यक्रमहरुलाई एकीकृत बस्ति बसाएर र बस्तिहरुलाई व्यवस्थित गर्ने ढंगले अगाडी बढाउने भनेर एउटा कार्यक्रम राखिएको छ र त्यस्तै गरेर अब यो पर्यटनको सन्दर्भमा, पर्यटन सन्दर्भमा अब कम बजेट छुट्याइएको छ भन्ने कुरा छ मलाई लाग्छ पर्यटन क्षेत्रमा कम बजेट हामीले छुट्याएका छैनौं। आवश्यक नै बजेट हामीले छुट्याएका छौं। मैले भने पर्यटकका बहुआयामिक क्षेत्रहरु छन् । भन्दा भन्दै हामीले के पनि भन्न थालेका छौं। खेल पर्यटन भन्न थालेका छौं। कृषि पर्यटन भन्न थालेका छौं र त्यस्तै गरेर अब जे जे आउँछ त्यसलाई पर्यटनसँग चाँहि जोडने काम भएको छ। तर म अझै पनि म के भन्न चाहन्छु भन्दा हामी स्पष्ट हुनु पर्छ कि कृषि पर्यटन हैन, कृषिलाई हामीले विकास गर्ने तिर हामीले जे अगाडी बढाउनु पर्छ। कृषिमा पर्यटन विकास गर्ने हैन कि कृषिलाई अगाडी बढाउने हो भने पर्यटन त्यसै नै बढ्छ। त्यस्तै गरेर खेललाई हामीले विकास गरेर लाने हो भने, खेल पर्यटन भन्न चाँहि पर्दैन। केही साहसिक खेलहरु छन्। पर्यटकहरुले खेल्ने केही साहसिक खेलहरु छन् त्यस भन्दा बाहेकका अरु खेलहरुलाई हामीले खेल पर्यटन भनेर भन्नु पर्दैन तर यी सबै क्षेत्रहरु पूर्वाधारमा गरिने सबै क्षेत्रले पर्यटन वृद्धि गराउने काम नै गर्छ र बाटा हामीले नबनाउने हो भने पर्यटन कसरी आउँछ? राम्रो पानीको व्यवस्था नगर्ने हो भने पर्यटकहरु कसरी आउँछन्? राम्रो घर आवास होटेल रेस्टुरेन्टको व्यवस्था नगरिने हो भने पर्यटकहरु कसरी आकर्षित गर्न सक्छ? त्यस कारणले गर्दाखेरि हामीले अहिले यि सबै कामहरु जुन हामीले रकम विनियोजन गरेका छौं त्यो पर्यटन विकास कै निम्ति गरेका छौं र पर्यटन, पोखरालाई पर्यटनको राजधानी

बनाउने, गण्डकीलाई पर्यटनको हब बनाउने भन्ने हाम्रो जुन कार्यक्रम छ जुन अभियान छ त्यो अभियानबाट हामी पछि हटेका छैनौं र त्यस्तै गरेर अब केही माननीयहरुले के भन्नु भयो त भन्दाखेरि अहिले यो प्रशासनिक भवन किन बनाउने? यो संसद भवन किन बनाउने? भवन किन बनाउने ? हामी त अब शासक होइन हामी त जनसेवक हौं त्यसमा किन ठूलो रकम विनियोजन गर्ने भन्ने कुराहरु पनि यहाँ आएको छ मलाई लाग्छ अब यसो भनि रहँदा हामी चौरमा गएर सभा गर्न त सक्दैनौं अहिले हामीले जहाँ बैठक बसी राखेको छ त्यो हाम्रो नाममा छैन। त्यो हाम्रो भएको छैन। हामीले जुन ठाउँमा अफिसमा राखेका छौं त्यो अझै पनि हाम्रो हुन सकि रहेको छैन। जुन ठाउँमा हामीले आवास निर्माण गरेको छ त्यो ठाउँ पनि हाम्रो भएको छैन प्रदेश सरकारको भएको छैन। त्यस कारणले गर्दाखेरि हामीले त्यसलाई महत्वको साथ नै हामीले जोड दिनु पर्ने हुन्छ। समाज सेवा गर्ने नाममा हामी चौरमा गएर बैठक राख्न सक्दैनौं। पाल टाँगेर हामी बस्न सक्दैनौं। पाल टाँगेर हामीले कार्यालय राख्न सक्दैनौं। एउटा कार्यालय भवन बनाउन नसक्ने । आफ्नो घर बनाउन नसक्नेहरुले कहिले पनि हामीले अब संमृद्ध नेपाल बनाउन सक्दैनौं त्यस कारणले गर्दाखेरि अब यो हामीले यो कुराहरुलाई ध्यान दिएर हामीले प्रशासनिक भवनदेखि लिएर आवास भवनदेखि लिएर यो संसद भवनदेखि लिएर अब विभिन्न भवनहरु निर्माण गर्ने कुरालाई हामीले डि.पी.आर. गरेर अगाडी बढाउने कुरालाई लिएर हामीले यसलाई महत्व दिएका छौं। अब, हामीले अब कुनै पनि क्षेत्रलाई मुस्ताङ्गको क्षेत्र मुस्ताङ्ग, मनाङ्ग, गोर्खालाई पर्यटनको रुपले विकास गर्नका निम्ति फिल्म सिटीको कुरालाई पनि हामीले निरन्तरता दिएका छौं वक्तव्यमा नआए पनि र यो क्षेत्रलाई पर्यटनका हिसाबले अगाडी बढाउनका निम्ति अहिले कार्यक्रम मन्त्रालयगत कार्यक्रमहरुमा सबैलाई सम्बोधन गरिएको छ र त्यसको पूर्वाधारलाई नै हामीले ध्यान दिएको छ। त्यो पूर्वाधार भनेको बाटो नै हो। पहिलो कुरा बाटो हो। त्यसपछि बिजुली, पानी नै हो त्यसपछि हामीले शिक्षालाई ध्यान दिनु पर्छ। स्वास्थ्यलाई ध्यान दिनु पर्छ र कृषिलाई ध्यान दिनु पर्छ। परम्परागत ढंगले हिजो हाम्रा बाउबाजेले गर्दै आएका कृषि प्रणालीलाई सुधार गरेर अगाडी बढाउनु पर्छ र त्यसलाई हामीले उन्नत बिउ, उन्नत बिरुवा, उन्नत नश्लका चाँहि

पशुपंक्षी अब वितरण गर्नु पर्छ। भित्राउनु पर्छ र त्यसलाई अनुसन्धान गर्नु पर्छ भनेर हामीले पर्याप्त मात्रामा बजेट हामीले विनियोजन गरेका छौं। त्यस्तै गरेर कृषि क्षेत्रमा मोडेल फर्मको रुपमा हामीले रकम वितरण वितरण गऱ्यौं। होमस्टेको रुपमा पनि हामीले रकम वितरण गरेका छौं। मलाई लाग्छ यो कुनै चिज छिरलिएको यो वितरित कुरा होइन। १० लाख, ५ लाख हामीले दिएका छौं। २ लाखसम्म पनि हामीले दिएका छौं। यसको अर्थ के हो त भन्दाखेरि हाम्रो लक्षित वर्ग भनेको गरिबीको रेखामुनि रहेका गरिब, असहाय र मध्यम वर्ग मात्रै हो र ती गरिब वर्गलाई दुई लाख पनि ठूलो हुन्छ। पाँच लाख पनि ठूलो हुन्छ, दश लाख पनि ठूलो हुन्छ। एउटा ठूलो पुँजी लगानी गर्ने, एउटा पुँजीपतिको निम्ति मलाई लाग्छ, उनीहरुलाई दश लाख भनेको कम हुन सक्छ। यो ठूलो पुँजीपतिहरु, ठूलो व्यवसायीहरु, ठूलो उद्यमीहरु अहिले हामीले बजेट जुन अनुदानको रुपमा वितरण गरिएको छ त्यो लक्षित समूह हैन त्यो लक्षित वर्ग हैन त्यस कारणले गर्दाखेरि हामीले ठूलो रकम हामीले दिएका छैनौं। सानो रकम धेरैलाई जावोस् भनेर नै त्यो लक्षित समूहलाई जावोस् लक्षित वर्गलाई जावोस् भनेर नै हामीले सकेसम्म त्यसलाई चाँहि धेरैलाई वितरण गर्ने र त्यो वर्गमा पुगिने सिमान्तकृत, बहिस्कृत हैन महिला अर्थात् अब युवा त्यसलाई चाँहि हेरेर नै हामीले यसलाई विनियोजन गरेका छौं। त्यस कारणले गर्दाखेरि यो वितरित होइन। एउटा लक्षित समूहलाई आधार मानेर हामीले चाँहि अगाडी बढाएका हौं र अर्को कुरा यो बजेट अब घाटामा छ भन्ने कुरा घाटा बजेट पेश गर्नु भयो भन्ने कुरा पनि छ। मलाई लाग्छ, मैले मेरो चाहना थियो अझ अब घाटा बजेट नै पेश गर्नु पर्छ कि भन्ने मेरो चाहना थियो तर यस पटकको बजेटलाई घाटा बजेट भनेर भनिदैंन। हामी सिलिङ्गमा नै छौं। एक अरब केरे े आन्तरिक ऋण हामीले लिन पाउँछौं त्यो पनि घाटाको ऋण होइन। त्यो हामी सिमा भित्र नै छौं र त्यस पछि अपुग भएको २ अरब नेपाल सरकारसँग लिने भनेका छौं। किनकि हामी संघीयतामा छौं। संघीयतामा छौं त्यस कारणले गर्दाखेरि नेपाल सरकारसँग पनि अब हामीले २ अरब ऋण लिनु पर्छ। भोलि गएर त्यो हामीले ऋण लियौं भने जसरी ऋण भोलि अनुदानमा पनि परिणत हुन सक्छ नभएपनि हामीले ब्याज तिर्न सक्छौं। सस्तोमा हामीले ऋण लिनु पर्छ भनेर २ अरबको ऋण राखेर बजेट अगाडी बढाएका

छौं। मलाई लाग्छ हामीले ऋण नलिईदियौं भने फेरि नेपाल सरकारसँग त्यो भन्दा अर्को उपाय हामीले फेरि केही निश्चित अनुदान बाहेक हामीले केही पनि प्राप्त गर्न सक्दैनौं। त्यसैले गर्दाखेरि पनि हामीले यो अब ऋण लिएको नेपाल सरकारसँग ऋण लिएको २ अरबको, २ अरब भन्ने ठूलो कुरा होइन। त्यस कारण यो घाटा बजेट होइन। केही माननीयहरुले भन्नु भएको छ। आम्दानी १२ आना खर्च चाँहि ४ आना भन्या जस्तो तेस्तो चाँहि हैन। ए आम्दानी चार आना खर्च बाह्र आना। तेस्तो चाँहि होइन। तेस्तै के हो कुन कुनको मेला ऐ कुन कुनको मेलाको गुम हो कि भन्नु भएको थियो मैले भन्दा पनि जानिन। मलाई लाग्छ अब मेला जे सुकै होस् त्यहाँ गुम हुने हइन यसले चाँहि धुम मचाउँछ भन्ने कुरा पनि मैले यहाँहरुलाई भनें र अब यो, अब यहाँ धेरै कुरा आएको छ महिला मैत्री भन्न भनिएको छ। बजेट जतातते हेरें महिलै महिला छ फेरि धेरै कार्यक्रमहरु महिलाको निम्ति छुट्टाइएको छ। महिलालाई अगाडी बढाउने सीप देखि लिएर, तालीमदेखि लिएर, प्रशिक्षणदेखि लिएर, अनुदानदेखि लिएर, स्वास्थ्य कार्यक्रमदेखि लिएर धेरै कुराहरुमा, सबै ठाउँहरुमा त्यो महिला छैन यसै गरेर असक्त, वृद्ध, अपाङ्गता, जातिको हिसाबले अब दलितदेखि लिएर सबैलाई समेटिने प्रयत्न गरिएको छ र सबैको सशक्तिकरण भनेर भनिन्छ। सशक्तिकरण गर्ने र उनीहरुलाई सशक्त तुल्याउने कार्यक्रमहरु त्यो कृषिमा होस् , स्वास्थ्यमा होस्, शिक्षामा होस् तालीमका सवालमा होस् खेलकूदको सवालमा होस् या सबै क्षेत्रमा सबै क्षेत्रमा यो चाँहि छुट्टयाइएको छ र हामीले एउटा साक्षरता कार्यक्रम दुई वर्षमा घोषणा गर्ने भनेर एउटा महत्वाकाँक्षी एउटा अभियान पनि हामीले यो आगामी आर्थिक वर्षदेखि सुरुवात गरेका छौं। उज्यालो प्रदेश बनाउने। हामीले दुई वर्षमा उज्यालो प्रदेश बनाउने भनेर हामीले भनेका थियौं। चालु आर्थिक वर्ष र अरु बाँकिको एक वर्षमा त्यो लक्ष्यमा पनि हामी दृढताका साथ हामी अगाडी बढि रहेका छौं र त्यस्तै गरेर हामीले आधारभूत खानेपानी पनि सेवा पुर्‍याउने भनेर हामीले पनि त्यो उद्घोष गरेका थियौं। त्यसलाई पनि हामीले दुई वर्ष भित्र नै सम्पन्न गर्ने भनेर हामीले अगाडी बढेका छौं। त्यस्तै गरेर एक घर, एक धारा निर्माण गर्ने कार्यक्रमलाई पनि हामीले निरन्तरताका साथ अगाडी बढाएका छौं। शहरी क्षेत्रहरुमा विभिन्न क्षेत्रहरुमा शुद्ध खानेपानी खुआउने भनेर त्यो

कार्यक्रमलाई पनि हामीले अगाडी बढाई रहेका छौं। त्यसले गर्दाखेरि धैरै कार्यक्रमहरु हामीले अगाडी बढाएका छौं र यस पटक हामीले बालमैत्री, अब आएर सडक बालबालिका मुक्त र त्यस्तै गरेर बालश्रम मुक्त प्रदेशको घोषणाको शुरुवात पनि हामीले गरेका छौं। त्यसले गर्दाखेरि यो कार्यक्रममा वक्तव्यमा सबै कुराहरु चाँहि नआएको भएपनि मलाई लाग्छ कार्यक्रमको हिसाबले तपाईंहरुले अब हेर्ने हो भने सबै कुरालाई हामीले अब समावेश चाँहि गरेका छौं। अब यो परमपरागत अब सीप र सीपमा आधारित जस्तो अब अब कुमाल जातिले जुन माटोको भाँडो बनाउँदै आएका छन् र त्यसलाई प्रवर्द्धन गर्नु पर्छ भनेर हामीले त्यसलाई अगाडी बढाएका छौं। त्यस्तै गरेर विभिन्न दल दलित जनजाति दलित जातिहरुले गर्दै आएको पेशा जस्तो अब छालाको पेशा, जुत्ता बनाउने पेशा लगायत अनि आरनमा विभिन्न औजार बनाउनेदेखि लिएर सुनका काम गर्नेदेखि लिएर र त्यस्तै गरेर विभिन्न जनजातिहरुले कपडा बनाउनेदेखि लिएर र विभिन्न ढकियादेखि लिएर अब गुन्द्री, मान्द्रोदेखि लिएर धैरै कुराहरु हस्तकलाका धैरै सीपहरु हामीसँग छ र ती सीपहरुलाई प्रवर्द्धन गर्ने हिसाबले त्यसलाई अगाडी बढाउनु पर्छ र भनेर हामीले त्यसमा पनि त्यसलाई प्रवर्द्धन गर्ने भनेर हामीले कार्यक्रमलाई अगाडी बढाएका छौं र त्यस्तै गरेर हामीले ठूलो पूँजीपतिहरुलाई राष्ट्रिय पूँजीपतिहरुलाई र लगानी, विदेशी लगानीहरुलाई पनि भित्राउने कुरा पनि हामीले ध्यानमा राखेका छौं। अघि मैले भनें मैले भन्दाखेरि हाम्रो लक्षित वर्ग भनेको मध्यम गरिबदेखि मध्यम वर्ग हो भनेर हामीले भनेका थियौं अघि त्यो अनुदान वितरण गर्ने सवालमा तर हामीले ठूला उद्योगपतिहरुलाई, राष्ट्रिय उद्योगपतिहरुलाई र विदेशी लगानी लगानीलाई, प्रविधिलाई भित्राउने बारेमा पनि हामीले ध्यान दिएका छौं र खास गरेर औद्यौगिक क्षेत्र निर्माण गर्ने, विशेष आर्थिक क्षेत्र हामीले निर्माण गर्ने, त्यस्को निम्ति कानूनी कामलाई अगाडी बढाउने, ऐन निर्माण गर्ने, कानून निर्माण गर्ने, कार्यविधि निर्माण गर्ने कुरालाई पनि हामीले त्यतिकै महत्व दिएका छौं र त्यस्तै गरेर हामीले औद्यौगिक प्रदेश स्तरको औद्यौगिक क्षेत्र निर्माण गर्ने भनेर लोकाहा नवलपुरको लोकाहाखोला, त्यस्तै गरेर कास्कीको पुंडीटार, साविक भोटेपोखरी त्यस्तै गरेर च्याङ्गलीलाई पनि हामीले त्यो चाँहि समावेश गरेका छौं र त्यस्तै

गरेर त्यो संघबाट पनि यो औद्यौगिक क्षेत्र निर्माण गर्नका निम्ति अध्ययन भई रहेको छ अब त्यस अनुसार च्याङ्गली फाँट गोरखा यो ८०० बिगाहा क्षेत्रफल यसको क्षेत्रफल ८०० बिगाहा, ८१२ बिगाहा रहेको छ। यो घोषणा हुन बाँकि छ। जग्गा पहिचान गर्ने काम सम्पन्न भएको छ। यो प्रदेशबाट हैन माथिबाट हो संघबाट र यसको विस्तृत अध्ययन प्रतिवेदन वातावरण प्रभाव मूल्याङ्कन तयार गर्ने काममा अगाडी बढि रहेको छ र यसलाई सहजीकरण गरेर यसलाई अगाडी बढाउने भन्ने कुरा हामीले यस भन्दा अगाडी पनि भनेका थियौं । यसलाई निरन्तरता दिने कुरा गरिएको छ। त्यस्तै गरेर अब हाम्रै प्रदेशमा पर्ने छिन्चुटार यो पनि तनहुँमा पर्छ यो ३७५ बिगाहा रहेको छ यसको क्षेत्रफल यो पनि घोषणा हुन बाँकि छ। जग्गा पहिचान गर्ने काम भएको र सम्भाव्यता अध्ययन गर्ने काम भएको छ र त्यस्तै गरेर यहि भित्र पर्ने अर्को तल्लो पुडीटार जसलाई अघि भर्ने साविक भोटेपोखरी यसमा चाँहि १२० बिगाहा रहेको छ र यो घोषणा हुन बाँकि छ र यसको जग्गा पहिचान गर्ने काम गरेको छ र हामीले प्रदेशले पनि यहिं बनाउने भनिएको छ अर्को थप नवलपरासीको लोकाहा खोला हो त्यसको अब त्यो सम्भाव्यता अध्ययन गर्ने भनेर हामीले केही बजेट हामीले छुट्टाएका छौं। त्यो थोरै हुन सक्छ तर हामीले सँगसँग स्थानीय तहसँग र नीजिक्षेत्रसँग सहकार्य गरेर र समन्वय गरेर, यो क्षेत्रलाई अगाडी बढाउने भएको हुँदा त्यसमा दुई करोड र मलाई लाग्छ एक, एक करोड पचास लाख गरेर साढे तीन करोड रुपैयाँ विनियोजन गरिएको छ। मलाई लाग्छ त्यो सम्भाव्यता अध्ययन गर्ने सबै प्रक्रियालाई यसको अब भु, अब भूमि जग्गा प्राप्त गर्नेदेखि लिएर अन्य प्रक्रिया कानूनी प्रक्रियाहरु मिलाउँदाखेरि पनि मलाई लाग्छ त्यो आगामी वर्षमा हामीले त्यो सबै कुरालाई लागू गर्ने कार्यान्वयन मै जान सक्ने अवस्था नहुन सक्छ भनेर त्यसलाई हामीले त्यो अध्ययनको निम्ति भनेर यति रकम विनियोजन गरिएको छ। मलाई लाग्छ त्यो पर्याप्त हुन सक्छ र भोलि भएन र आवश्यक परियो भने त्यसको व्यवस्था पनि गरिएको कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु। अब यो अब पचास हजारलाई रोजगारी चालु आर्थिक वर्षमा पचास हजारलाई रोजगारी दिने कार्यक्रम थियो त्यो के भयो भन्ने कुरा पनि यहाँ प्रष्ट छ र ठ्याक्कै अब गनेर तथ्याङ्क भन्दा पनि एउटा अनुमानको भरमा हामीले

जुन कार्यक्रमहरु अगाडी बढयौं, बढायौं र त्यसको आधारमा हामीले हेर्दाखेरि हामीले होमस्टे, मोडल कृषि फर्म, विभिन्न सहकारी र विभिन्न सहयोग विभिन्न कार्यक्रमहरु संचालन गर्दाखेरि मलाई लाग्छ स्वरोजगारी सहित गरेर अहिलेसम्म हामीले कम्तिमा पनि दश हजारले अब रोजगारी प्राप्त गरेको अनुमान छ र अब यसमा यो पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने रोजगारी यहाँ समावेश गरिएको छैन र अर्को अब एक जना माननीयज्यूले उठाउनु भएको थियो। तनहुँको दक्षिणी भेगको विद्युतीयकरण गर्ने कुरालाई तनहुँ हाइड्रोसँग समन्वय गरेर गर्ने कुरालाई किन दक्षिणी भेग मात्र भनिएको हो? किन सबै तनहुँ जिल्लामा अर्थात् अरुलाई किन भनिएन भनेर भन्नु भएको छ मलाई लाग्छ ? त्यो दक्षिणी भेगमा त्यो विद्युतीयकरण गर्ने जिम्मा तनहुँ हाइड्रोलाई दिइएको छ। त्यस कारणले गर्दाखेरि यो हामीले पनि त्यो विद्युतीयकरण गर्न नपाउने अवस्था छ। त्यसैले तनहुँ हाइड्रोसँग समन्वय गरेर दक्षिणी तनहुँको दक्षिणी बेल्टको विद्युतीयकरणलाई पनि अगाडी बढाउने भनेर यो विशेष परिस्थितिमा यो कुरा चाँहि भनिएको हो। त्यसलाई अन्यथा गरेर, त्यसलाई त्यो दक्षिणी क्षेत्र, जुन त्यो निर्वाचन क्षेत्र मेरो पर्छ। अब केही हाम्रो आन्तरिक मामिला मन्त्रिज्यूको पनि त्यो क्षेत्र पर्छ र उहाँले विशेष जोड दिएरै यस्तो भनिएको हो, भन्ने लाग्न सक्छ, त्यस्तो हैन। त्यो क्षेत्रमा त्यो जिम्मा भनेको तनहुँ हाइड्रोको रहेको छ जसले गर्दाखेरि हामीले त्यहाँ केही ढिलो हुन्छ केही हुन्छ कि भनेर हामीले त्यसलाई समन्वय गरेर त्यसमा अगाडी बढने भन्ने कुरा हामीले राखिएको हो त्यो अन्यथा होइन र अर्को, अब यो, यो बजेटमा पनि कुनै नया कुरा आएन भन्ने कुरा पनि छ। अब एउटा कुरा के हुन्छ त भन्दाखेरि हामी विहान उठ्छौं अब उठिसकेपछि अब दिन अब दिनचर्या कस्तो हुन्छ त भन्दा हामीले विहानको काम सक्छौं। घरमा खाना खान्छौं अनि अफिस जान्छौं। बेलुका फर्कन्छौं, खान खान्छौं अनि सुत्छौं। अब यसरी हेर्दाखेरि यहाँ कुनै पनि नयाँ कार्यक्रम जस्तो देखिदैंन। अब बजेट हिजो जस्तो आएको थियो, त्यस्तै आएको छ। शिक्षामा त्यही, कृषिमा त्यही, स्वास्थ्यमा त्यही, पूर्वाधारमा त्यही, त्यही सडक बनाउने भन्छ, त्यही पानीको कुरा गर्छ, त्यही बिजुलीका कुरा गर्छ, खै त नयाँ, त्यही पर्यटनको कुरा गर्छ भन्ने कुरा त्यहाँ आउन सक्छ तर यहाँ के हो भन्दाखेरि हामीले बुझ्ने

भनेको एउटा नयाँ सोच यसमा छ। अहिलेको बजेट भनेको एउटा नयाँ सोचको आधारमा आएको छ।यो बजेट त्यो पुरानो सोचको आधारमा हैन नयाँ सोचको आधारमा आएको बजेट हो र यो बजेटले, यो बजेटले अब खास गरेर आन्तरिक अब राजश्व संकलन गर्ने कुरालाई जोड दिएको छ भन्ने कुरा मैले फेरि दोहोराई रहनु परेन र अर्को कुरा यो बजेटले, अब यो बजेटले म नेपालमा जन्मेको, म नेपाली, र म नेपाली जनता, जनताको तर्फबाट चाँहि बोलेको, को बोलेको भन्दा जनता। हामीले भोट हालेको, कसले हालेको जनताले भोट हालेर जिताएको भन्ने यो प्रवृत्ति यो संस्कृतिलाई अन्त्य गर्दै सच्चा नागरिक बनाउने नेपालको यो देशमा म जन्मेको होइन, यो देशमा म कर तिरेको छु। कर नतिरेसम्म म असल नागरिक हुँदैन। कर तिर्नु पर्छ भन्ने भावना जगाउने एउटा बजेटको रुपमा मैले यस पटक त्यो दिशामा लक्षित गरेर यो बजेटलाई  अगाडी बढाएको छु। पर्यटक भित्राउने हैन, कति पटक हामी गफ गर्ने बिस हजार पर्यटक भित्राउँछु पच्चिस हजार पर्यटक भित्राउँछु भनेर कति पटक हामी गफ गर्ने? अब बिस हजार पर्यटक गण्डकी प्रदेशबाट अन्त जान्छ भनेर यो बजेट लक्षित बनाएर यसलाई अगाडी बढाइएको छ। त्यसैले सबै यसमा केन्द्रित छ एउटा नयाँ सोचको आधारमा यो ल्याइएको छ। पुरानो सोचको आधारमा हैन। त्यसो भएर त्यो कृषिको क्षेत्रमा होस् त्यो शिक्षाको क्षेत्रमा होस् स्वास्थ्यको क्षेत्रमा होस् सबै क्षेत्रमा अब कसैले चिन्ता गर्नु पर्दैन। तपाईंहरुले कमाउनु हुन्छ भने त्यो कमाउने कुरालाई जे तपाईंहरुले जोगाएर राख्नु पर्छ भनेर अब चिन्ता नगर्नुस भनेर यो बजेटले भन्छ। चिन्ता गर्नु पर्दैन। आज कमाएको आजै खर्च गर्नुुस, भोलि कमाएको भोलि नै खर्च गर्नुस। पर्सिको निम्ति चिन्ता गर्नु पर्दैन। पर्सिको पनि व्यवस्था हुन्छ। सरकारले व्यवस्था गर्छ। हिजो झै हाम्रा बा आमाले कन्तुरमा जम्मा गर्नु पर्छ भनेर छोरा छोरीका निम्ति नातिका निम्ति अब जम्मा गर्नु पर्दैन। खर्च गर्नुस। यो बजेटले भन्छ अब खर्च गराउने। सबैलाई खर्च गराउने अहिलेको यो बजेटको उद्देश्य हो। त्यसो भएर यो अब नयाँ सोचको आधारमा आएको छ। जति हामी खर्च गर्छौं। अब ढुक्क हुनुस् । त्यसैले यो बजेटमा कसरी हुन्छ वितरण गर्ने। जनतालाई पुऱ्याउने, ठाउँमा पुऱ्याउने जनताले पनि अब घरमा राख्ने होइन। तपाईं हामीले पनि अब छोराका निम्ति भनेर, नातिका निम्ति भनेर कन्तुरमा

रकम जम्मा गर्ने होइन। बहिखाता पल्टाएर, अब ब्याज कति आउँछ भनेर ब्याजमा बाच्ने हैन अब त ऋण लिएर करौडौं अरबौंको रुपैंयाको ऋण लिएर अब म ब्याज तिर्छु र म केही उद्यम गर्छु। केही अगाडी बढछु भनेर त्यस्ता अगाडी बढनेहरुका निम्ति यो बजेट केन्द्रित गरिएको छ। जम्मा गर्नेका निम्ति हैन। कम्ति रुपमा जम्मा गर्नेका निम्ति होइन त्यस कारणले गर्दाखेरि यो यसको जिस्ट कुरा भन्दाखेरि यहाँ धेरै कुराहरु होलान् । धेरै होला। के होला। खर्च गर्ने कुरा अब खर्च गरिन्छ। यसको खर्च गर्ने आधार कार्यान्वयन गर्ने आधार के हो? यसको बारेमा अब आएर हाम्रो जम्मै संरचना बनि सकेको छ। म यति मात्रै भन्न चाहन्छु कि अब खर्च गर्ने, खर्च गर्ने, गराउने तपाईं हामी सबैले। त्यति मात्र हैन हामीले त अब कर्मचारीहरुका निम्ति विदा, भ्रमण विदा, के भन्छ यो हजुर विदा पर्यटन, भनेर हामीले घोषणा गरिसक्या छौं। अब यो सबै क्षेत्रमा लागु हुनु पऱ्यो। अब खर्च गराउनु पऱ्यो, खर्च गर्ने संस्कृति बसाल्नु पऱ्यो, नयाँ सोच बसाल्नु पऱ्यो नयाँ सोचका साथ हामी अगाडी बढन पऱ्यो। मितव्ययिता जोगाउने कुरा होइन, अब खर्च गर्ने। यो बजेटले के भन्छ भन्दा हामीले जसरी वितरण गरेका छौं त्यो खर्च होस् भनेर। भोलि गएर यहाँ संचित गरेर ठूलो बजेटको आकार बनाउनको निम्ति मैले त्यो चिन्ता लिएको छैन। अहिले अब ३२ अर्ब पुग्यो। हिजो २४ थियो पछि १ अर्ब बढेर २५ अर्ब भएको थियो अहिले आएर ३२ भएको छ। मलाई लाग्छ यो ३४ हुन सक्छ। अहिले अनुमानित हिजो २५०, ए दुई अर्ब पचास करोड हामीले आन्तरिक राजश्व यही चालु आर्थिक वर्षमा हामीले अब उठने हामीले संशोधित अनुमान गरेका छौं। त्यसको तीन अरब मलाई लाग्छ कति ३ अरब ७५ करोड कति छ हामीले आन्तरिक राजश्व उठाउने भनेका छौं। त्यसलाई हामीले ५ अरब नै पुऱ्याउने, हामीले त्यो एउटा उ गरेका छौं। लक्ष्य राखेका छौं। त्यसले गर्दाखेरि र त्यस्तै गरेर अहिले मैले भनें कि यो बजेट अब यो कुनै वितरणमुखि बजेट पनि हैन। यो वितरण त्यस अर्थमा भएको त्यो समावेसी बनाउँदाखेरि त्यो वितरण भएको यो हाम्रो दायित्व हो जिम्मा हो त्यो बनाइएको छ र यो कुनै ढाँटेको कुरा होइन र अरुलाई ढाँटनु भनेको आफैलाई ढाँटनु हो त्यसो भएर मैले आफूलाई ढाँटिरहेको पनि छैन र ढाँटने बजेटको रुपमा पनि आएको छैन। यो हामी सबैको जे जे कमि कमजोरीहरु छन् ति कमि

कमजोरीहरुलाई हामी सच्चाएर अगाडी बढने हो। भोलिका दिनहरुमा पनि हामीले एक वर्षको अनुभव गरे त्यो अनुभवबाट हामीले धेरै शिक्षा प्राप्त गरेका छौं र त्यहाँ हामीले सिकेका छौं। सिकेर हामीले कतिपय कुराहरुलाई हामीले छाडेका छौं यो बजेटले निरन्तरता पाएको छैन किन निरन्तरता पाएको छैन त भन्दाखेरि हिजो जसरी गलत ढंगले हामीले विनियोजन गरेको हामीले त्यसलाई कतिपय कुरालाई हामीले सच्चाउने काम गरेको छौं। त्यसले गर्दाखेरि यो मलाई लाग्छ अब यो बजेटले मन्त्रालयगत ढंगले अब छलफल चल्छ नै र अब त्यसमा अब यहाँहरु सबै माननीयज्यूहरु सहभागी हुनु हुनेछ र त्यस्तै गरेर हामीले केही एउटा अन्तिममा म एउटा जानकारी यहाँहरुलाई म दिन चाहन्छु। एउटा जलस्रोतको बारेमा र अहिले अब जलस्रोतमा नेपाल विद्युत प्राधिकरणले अब निर्माण गरेको अहिले २९९.५०  मेगावाट उत्पादन गरेको छ। जसको वार्षिक उर्जा अब १८४० गिगावाट रहेको छ। त्यस्तै गरेर यो नीजि क्षेत्रमा १४९ मेगावाट यो उत्पादन हुन्छ जसको वार्षिक उत्पादन भनेको अब ८५७ रहेको छ र त्यस्तै गरेर अहिले निर्माणाधीन आयोजनाहरु अब ६५४ रहेको छ र त्यसमा चाँहि र यो निर्माणाधीन अनि त्यसपछि आएर यो अब संभाव्यता अध्ययन भन्छ त्यो सर्भेको लाइसेन्स लिएको सबै गरेर, ४४८ अब मेगावाट क्षमताको अब त्यो मेगावाटको हुनेछ र त्यसको वार्षिक उर्जा भनेको कम्तिमा पनि छब्बिस, २६९८ गिगावाट अब हुनेछ त्यसका निम्ति पनि हामीले जलस्रोतको सबै अब संघीय सरकारको भएको हुँदा त्यसलाई हामीले सहजीकरण गर्ने। नीजि क्षेत्रसँग सहलगानी गरेर त्यसलाई समन्वय गरेर अगाडी बढने कुरा पनि हामीले गरेका छौं। त्यस्तै गरेर अब विभिन्न खानीजन्य कुरालाई पनि यस पटक हामीले बजेट छुट्टयाएर, अब त्यस्तै गरेर धबादिको फलामखानी, अब गेज गोरखा गेजको तामाखानी, त्यस्तै गरेर मुस्ताङ्गमा यूरेनियमको कुरा छ र फलामको कुरा छ। बाग्लुङ्ग, पर्वत लगायत विभिन्न ठाउँमा फलामको कुरा छ। स्लेट ढुंगाको कुराहरु छन् र ती सबै खानीजन्य त्यसको उत्खनन गर्ने, त्यसको व्यवस्थापन गर्ने कुरा पनि प्रदेश सरकारलाई पनि त्यो अधिकार रहेको हुँदा त्यसलाई सहजीकरण गरेर खानी उद्योगसँग समन्वय गरेर त्यो कुरालाई अगाडी बढाउने कुरा यहाँ जानकारी यहाँहरुलाई दिंदै र अरु कुराहरुलाई भूलचुक लिनेदिने भनेर भनिन्छ अब,

अब रसिदमा त्यस्तै अब भूलचुक लिनेदिने र यहाँहरुलाई जानकारी गराउने म आफ्नो भनाई यहीँ समाप्त गर्छु। हस् त धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार ५ गते अपरान्ह ४:४५ बजेसम्मको लागि स्थगित हुन्छ ।**